रंगेली नगरपालिका
**Rangeli Municipality**
# नगर कार्यपालिकाको कार्यालय
# Office of Municipal Executive
रंगेली, मोरङ
**Rangeli, Morang**
कोशी प्रदेश नेपाल Koshi Province Nepal

पत्र संख्याः ०७९/०८०
च. नं.

मिति २०८०/०२/१२

## शिलवन्दी दरभाउपत्र आह्वान को सूचना
(प्रथम पटक प्रकाशित मिति २०८०/०२/१२)

यस रंगेली नगरपालिका अन्तर्गत संचालनमा रहेका देहाय बमोजिमका हाट वजार तथा खेतीयोग्य जमिनमा साविक देखि नगरपालिकाले लगाउँदै आएको आगामी आ. व. २०८०/०८१ का लागि लगाउनु पर्ने भएकोले इच्छुक नेपाली नागरिक वा कम्पनी, फर्महरुले रित पूर्वक शिलवन्दी दरभाउपत्र पेश हुन यो सूचना प्रकाशित गरिएको छ ।

| सि.नं. | विवरण | न्युनतम अंक(भ्याट बाहेक ) | फारम दस्तुर | प्रकार |
|---|---|---|---|---|
| १ | दोहमना पशुपंक्षी चौपाय हटिया मात्र वडा नं. ९ | १०,००,०००।- | १०००।- | दरभाउ पत्र |
| २ | विर्ता वजार हाटवट्टी कर वडा नं. १ | १,००,०००।- | १०००।- | दरभाउ पत्र |
| ३ | पंचकन्या पोखरी वडा नं. ८ | ४०,०००।- | १०००।- | दरभाउ पत्र |
| ४ | दर्वेशा गुद्री हाटवट्टी कर वडा नं. ८ | १५,०००।- | १०००।- | दरभाउ पत्र |
| ५ | माछा पोखरी वडा नं. ६ र ७ को सिमानामा पर्ने | १,२५०००।- | १०००।- | दरभाउ पत्र |
| ६ | मगंलथान छेउको खेती योग्य जमिन रंगेली न.पा. वडा नं.६ | ६५,०००- | १०००।- | दरभाउ पत्र |
| ७ | रंजनी हाटवट्टी कर वडा नं. ३ | १,००,०००। | १०००।- | दरभाउ पत्र |

१. दरभाउपत्र यो सूचना प्रकाशित भएको मितिले १५ औं दिन सम्म यस कार्यालयबाट कार्यालय समय भित्र खरिद गर्न सकिनेछ ।

२. दरभाउ पत्र १६ औं दिन दिनको १२:०० बजे सम्म दर्ता गर्न सकिनेछ र सोही दिनको २:०० बजे दरभाउपत्र दाता तथा अन्य प्रतिनिधिहरुको रोहबरमा यस कार्यालयमा खोलिनेछ ।

३. शिलवन्दी दरभाउपत्र दाताले आफुले कवोल गरेको अंकको १० प्रतिशत रकम यस कार्यालयको नाममा कृषि विकास बैंकमा रहेको धरौटी खाता नं.०६०१४०११५०२५७०७९ मा जम्मा गरेको सक्कलै भौचर शिलवन्दी दरभाउपत्र साथ पेश गर्नु पर्नेछ ।

४, सि.नं.१ को हकमा शिलवन्दी दरभाउपत्र सकार गरेको मितिले दिन ७ भित्र सम्झौता गरि प्रथम किस्ताको रकम बुझाउनु पर्नेछ र दोश्रो र तेश्रो किस्ताको हकमा बैंक ग्यारेन्टि पेश गर्नु पर्नेछ । बैंक जमानतको म्याद २०८१ आषाढ मसान्त सम्म हुनु पर्नेछ । साथै सम्झौता हुँदाका बखत एकमुष्ट सम्पुर्ण रकम बुझाएमा १० प्रतिशत छुट हुनेछ।

५. सि.नं.२ देखि ७ सम्मको हकमा शिलवन्दी दरभाउपत्र सकार गरेको मितिले ७ दिन भित्र सम्झौता गरी सम्झौतामा उल्लेखित सम्पूर्ण रकम अग्रीम बुझाउनु पर्नेछ ।

६. उल्लेखित शर्त पुरा नगरेमा ठेक्का स्वीकृत भई सकेको भएता पनि ठेक्का बदर गर्न सकिनेछ र ठेक्का बदर गर्नु परेमा धरौटी रकम समेत जफत हुनेछ।

७. ठेक्का सम्झौता भएपछि बन्द हडताल जस्ता कारणले कर छुट वा मिनाहाको लागी ठेकेदार पक्षवाट दावी गर्न पाईने छैन ।

८. नगरपालिकाले समय समयमा दिएको निर्देशन पालना गर्नु पर्नेछ । साथै ठेक्का सम्वन्धी कुनै विवाद भएमा नगरपालिकाको निर्णय अन्तिम हुनेछ ।

९. करका दररेटहरु नरपालिकाले तोके वमोजिम असुल उपर गर्नु पर्नेछ । अन्यथा वढी रकम असुल गरेको ठहर भएमा नियमानुसार कारवाही हुनेछ।

१०. हटियामा लाग्ने सरसफाई तथा कर्मचारी सम्वन्धी सम्पुर्ण खर्च तथा अन्य लाग्ने राजश्वतथा कर स्वयं ठेकेदारले वेहोर्नु पर्नेछ ।

११. दरभाउपत्र फारममा अंक र अक्षर दुवैमा दररेट स्पष्ट लेख्नु पर्नेछ ।

१२. यस नगरपालिका अन्तर्गत विगतमा वुझाउनु पर्ने ठेक्का वक्यौता, पेश्की वेरुजु रहेको व्यक्ति वा परिवारको अन्य सदस्य ठेक्कामा सहभागी हुन पाउने छैन तर दरभाउपत्र खरिद गर्नु अघि उल्लेखित रकम दाखिला गरेमा ठेक्कामा सहभागी हुन वाधा पर्ने छैन ।

१३. दरभाउपत्र खरिद गर्न लिखित निवेदन साथ नेपाली नागरिकताको प्रमाण पत्र, फर्म वा कम्पनि को ईजाजत पत्र व्यक्तिको हकमा फर्म वा कम्पनी आ.रा.का. मा दर्ता भएको कर को समेत प्रमाणित प्रतिलिपि र २०७८/०७९ को कर चुक्ता प्रमाण पत्र पेश गर्नु पर्नेछ ।

१४. म्याद नाघि र रित नपुगी प्राप्त भएको दरभाउ पत्र उपर कुनै कारवाही हुने छैन ।

१५. दरभाउपत्र खरिद गर्ने र शिलवन्दी वोलपत्र तथा दरभाउपत्र दर्ता गर्ने अन्तिम दिन सार्वजनिक विदा परेमा सो को भोलिपल्ट सोहि समयमा गरिने

१६. उल्लेखित शर्तहरु वाहेक अन्य कुराहरु प्रचलित ऐन नियम अनुसार हुनेछ । साथै थप जानकारीको लागी यस नगरपालिका कार्यालयमा सम्पर्क राख्न सकिनेछ।

प्रमुख प्रशासकीय अधिकृत